# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
### केन्द्रीय कार्यालय (Central Office)

हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस-विज्ञप्ति

५ माघ, २०७८

### विद्यार्थीको स्वास्थ्य र शिक्षासम्बन्धी अधिकारप्रति संवेदनशील बन

पूर्वाञ्चल विश्वविद्यालयद्वारा सञ्चालित बि.ए.एल.एल.बि.चौथो वर्षको परीक्षा अनलाइन माध्यमबाट हुनुपर्ने भन्दै काठमाडौँको बुद्धनगरस्थित कान्तिपुर इन्टरनेश्नल कलेजमा विद्यार्थीहरुबाट भएको विरोध प्रदर्शनमा प्रहरी हस्तक्षेप हुँदा १ जना विद्यार्थी घाइते भएको र ११ जनालाई नियन्त्रणमा लिइएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

उक्त घटनाका सम्बन्धमा आयोगको टोलीले अनुगमन गरेको छ । अनुगमनको क्रममा कोरोना सङ्क्रमणको दर तीव्र गतिमा फैलिरहेको तथा परीक्षा सञ्चालनको क्रममा स्वास्थ्यको मापदण्ड पालना नहुँदा विद्यार्थीको ज्यान जोखिममा पर्न सक्ने भन्दै विद्यार्थीहरु आन्दोलनमा उत्रिएको बुझिएको छ । विद्यार्थीहरुले हाल चलिरहेको परीक्षालाई अनलाइन वा अन्य वैकल्पिक माध्यमबाट सञ्चालन गर्नुपर्ने माग राखेको अनुगमनबाट पाइएको छ । यस सम्बन्धमा आयोगमा निवेदन समेत प्राप्त भएको छ ।

सङ्क्रामक रोगको महामारी भएको अवस्थामा नागरिकको जीवनको रक्षा गर्नु राज्यको दायित्व हुन्छ । मुलुकी अपराध संहिताको दफा १०४ (१) मा कसैले कसैको ज्यानलाई खतरा पुर्‍याउन सक्ने किसिमको सङ्क्रामक रोग फैलाउन वा फैलिन सक्ने कुनै काम गर्न नहुने उल्लेख गरिएको छ । साथै, नेपालको संविधानले स्वास्थ्य तथा शिक्षासम्बन्धी हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको सन्दर्भमा नागरिकको दुवै हकको सुनिश्चत गर्न राज्य जिम्मेवार हुनुपर्दछ । नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ ले समेत स्वास्थ्य र शिक्षासम्बन्धी अधिकारको उल्लेख गरेको छ ।

अत : तीव्ररुपमा फैलिरहेको कोरोना महामारीबाट नागरिकको स्वास्थ्यमा पर्नसक्ने जोखिमलाई मध्येनजर गर्दै स्वास्थ्यसम्बन्धी मापदण्डहरुको पूर्ण पालना गर्न, गराउन र परीक्षा सञ्चालनमा वैकल्पिक उपायहरु अपनाई नागरिकको स्वास्थ्य सम्बन्धी अधिकारमा संवेदनशील हुन आयोग नेपाल सरकार, विश्वविद्यालय तथा सम्बद्ध सबै निकायलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८१, काठमाडौं, नेपाल

Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org